मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वारा प्रकाशित

खण्ड ९) मुसिकोट,गुल्मी, भाद्र ८ गते,२०८२ साल (संख्याः६

भाग-२

मुसिकोट नगरपालिका,गुल्मी

दरम-बडिगाड जलाधार क्षेत्र अन्तर स्थानीय सरकार समन्वय समिति, सञ्चालन निर्देशिका, २०८२

मुसिकोट नगर पालिका नगरकार्यापालिकाले बनाएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

दरम–बडिगाड जलाधार क्षेत्र अन्तर स्थानीय सरकार समन्वय समिति, सञ्चालन निर्देशिका, २०८२

प्रस्तावना: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उप दफा २ को "ठ" (४) "स्थानीय सरकारबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन को व्यवस्था बमोजिम बागलुङ जिल्लाका गल्कोट नगरपालिका, ढोरपाटन नगरपालिका, बडिगाड गाउँपालिका, निसिखोला गाउँपालिका, तमानखोला गाउँपालिका, ताराखोला गाउँपालिका र गुल्मी जिल्लाको मुसिकोट नगरपालिका बिच प्रभावकारी र गुणस्तरीय सेवा प्रवाह, दिगो विकास र समस्या समाधानका लागि एवम् पारस्पारिक लाभका क्षेत्र, साझा समस्या, बृहत् पूर्वाधार, विपद् न्युनिकरण तथा वातावरण संरक्षणसँग सम्बन्धित योजना/परियोजनाका लागि अन्तर स्थानीय सरकार समन्वय र नागरिक सेवाका लागि सहकार्यको आवश्यकतालाई महसूस गरी गठन भएको समन्वय समितिले गर्ने कार्य, अपनाउने विधि र प्रकृया तय गर्नको लागि यो सञ्चालन निर्देशिका बनाइएको छ ।

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "दरम–बडिगाड जलाधार क्षेत्र अन्तर स्थानीय सरकार समन्वय समिति, सञ्चालन निर्देशिका २०८२ रहेको छ ।

(२) यो सञ्चालन निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यसलाई समन्वय समितिमा आवद्ध स्थानीय सरकारको कार्यपालिकाबाट अनुमोदन गर्नु पर्नेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :–

(क) “निर्देशिका" भन्नाले "दरम–बडिगाड जलाधार क्षेत्र अन्तर स्थानीय सरकार समन्वय

समिति, सञ्चालन निर्देशिका २०८२" लाई सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले यस निर्देशिका बमोजिम गठन भएको अन्तर स्थानीय सरकार

समन्वय समितिलाई सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष" भन्नाले अन्तर स्थानीय सरकार समन्वय समितिको बैठकको अध्यक्षता

गर्ने स्थानीय सरकारको प्रमुख वा अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले अन्तर स्थानीय सरकार समन्वय समितिको बैठकमा भाग लिने

स्थानीय सरकारका प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष सम्झनु पर्छ ।

(ङ) "सचिव" भन्नाले अन्तर स्थानीय सरकार समन्वय समितिको बैठक आयोजना गर्ने

स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(च) "स्थानीय सरकार" भन्नाले नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिका/नगरपालिकाको प्रमुख प्रशासकीय

अधिकृत सम्झनुपर्छ ।

(ज) "प्रमुख/उपप्रमुख" भन्नाले नगरपालिकाको प्रमुख/उपप्रमुख वा गाउँपालिकाको

अध्यक्ष/उपाध्यक्षलाई सम्झनु पर्दछ ।

मुसिकोट राजपत्र

(झ) "निर्माण" भन्नाले पूर्वाधार संरचनाको निर्माण, विकास वा पुनर्स्थापना गर्ने कार्य

सम्झनु पर्छ ।

(ञ) "आयोजना" भन्नाले यस निर्देशिका बमोजिम कार्यान्वयन गरिने नयाँ पूर्वाधार संरचनाको डिजाइन, निर्माण, विकास, पुनर्निमाण, आधुनिकीकरण, विस्तार, सञ्चालन वा व्यवस्थापन सम्बन्धी आयोजना सम्झनु पर्छ र सो शब्दले त्यसरी सञ्चालन गरिने सार्वजनिक सेवा प्रवाह सम्बन्धी आयोजनालाई समेत जनाउँछ ।

(ट) "निजी क्षेत्र" भन्नाले सार्वजनिक निजी साझेदारी अन्तरगत आयोजना कार्यान्वयन गर्ने सार्वजनिक निकाय बाहेकको निकाय सम्झनु पर्छ र सो शब्दले प्रचलित कानुन बमोजिम स्थापना भएका वा मान्यता प्राप्त फर्म, कम्पनी, सहकारी, स्थानीय सामुदायिक संस्था वा गैरसरकारी संस्थालाई समेत जनाउँछ ।

(ठ) "पूर्वाधार संरचना" भन्नाले विकास आयोजनाहरु, सडक, पुल, अस्पताल, नहर, ऊर्जा उत्पादन तथा वितरण, नवीकरणीय ऊर्जा, केबुलकार लाइन, प्रदर्शनीस्थल, पार्क, सवारी साधन मर्मत ग्राम, औद्योगिक ग्राम, बाँध, फोहोर मैला प्रशोधन तथा व्यवस्थापन प्लाण्ट, कृषि, वन, सिंचाइ तथा पर्यटनसँग सम्बन्धित संरचना, रङ्गशाला, सार्वजनिक सभागृह सम्झनु पर्छ र सो शब्दले यस्तै प्रकृतिका अन्य पूर्वाधार संरचना समेतलाई जनाउँछ ।

(ड) "सार्वजनिक निजी साझेदारी" भन्नाले सार्वजनिक सेवासँग सम्बन्धित कुनै आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन वा सम्भार तथा वित्तीय लगानीमा आंशिक वा पूर्ण रुपमा निजी क्षेत्रलाई संलग्न गराउने गरी सार्वजनिक निकाय तथा निजी निकायबीच भएको करारीय प्रबन्ध सम्झनु पर्छ ।

मुसिकोट राजपत्र

कार्य विवरण, समिति र कार्यप्रणाली

३. कार्य विवरण

अन्तर स्थानीय सरकार समन्वय समितिले दरम–बडिगाड जलाधार क्षेत्र, मध्य पहाडी लोकमार्ग र ढोरपाटन–बुटवल सडक सञ्जाल भित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ बमोजिम निम्न कार्यहरू गरिनेछ ।

(क) बृहत् पूर्वाधार निर्माण, ठूला मेसिन तथा औजार खरिद र व्यवस्थापन,

(ख) विपद् व्यवस्थापन,

(ग) यातायातको सञ्चालन तथा व्यवस्थापन,

(घ) फोहोरमैला विसर्जनस्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,

(ङ) आकस्मिक उपचार केन्द्र, दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन,

(च) बस्ती विकास तथा भू–उपयोग योजना,

(छ) पर्यटन, प्रविधी तथा संस्कृतिको प्रवर्द्धन र विकास,

(ज) संयुक्त उद्यम

(झ) आधारभूत तथा माध्यामिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रबर्द्धन र विकास, (ञ) स्थानीय बजार व्यवस्थापन र वातावरण संरक्षण,

(ट) अन्तर स्थानीय सरकार भगिनी सम्बन्ध,

(ठ) असल अभ्यास र अनुभवको आदान प्रदान

(ड) भौतिक तथा आर्थिक सहयोग,

(ढ) प्राविधिक शिक्षालय सञ्चालन

(ण) जल यातायत

मुसिकोट राजपत्र

(त) जडिवुटी पहिचान, उत्पादन, संकलन र प्रशोधन (

(थ) अन्य उपयुक्त विषय ।

४. कार्यक्रम र क्रियाकलापहरू

अन्तर स्थानीय सरकार समन्वय समितिले निम्नानुसारका कार्यक्रम र क्रियाकलापहरू गर्नेछ।

क्र.सं.	कार्यक्रम	क्रियाकलापहरू
१.	दिगो ऊर्जा विकास र सहजीकरण	१. साना तथा मझौला किसिमका जलविद्युत् आयोजना तथा सौर्य, वायु जस्ता नवीकरणीय ऊर्जाको उत्पादनका क्षेत्रमा अन्तर स्थानीय सरकार बिच सहकार्य गर्ने । २. नेपाल सरकार ऊर्जा विकास मार्गचित्र, २०८१ बमोजिम विद्युत जडित क्षमता र प्रति व्यक्ति विद्युत खपत बढाउने मा जोड दिने साथै परम्परागत ऊर्जा को उपभोगलाई विद्युतीय ऊर्जा मार्फत प्रतिस्थापन (fuel switching) गर्ने सहकार्य गर्ने । ३. नेपाल सरकार ऊर्जा मन्त्रालयको श्वेतपत्र अन्तर्गत 'हरेक बस्ती उर्जा बस्ती' र 'घर घर मा विद्युतीय चुल्हो' को अवधारणालाई

मुसिकोट राजपत्र

		कार्यान्वयनको लागि सहकार्य गर्ने । ४. 'एक स्थानीय सरकार एक ऊर्जा योजना' को. अवधारणालाई कार्यान्वयनको लागि सहकार्य गर्ने । ५. नवीकरणीय ऊर्जाको विस्तारित प्रयोजनको लागि आवश्यक पर्ने आर्थिक स्रोतको परिचालन गर्ने र निजी क्षेत्र लगायत अन्य आर्थिक निकाय र लगानीकर्ताहरूसँग निकटतम सहकार्य गर्ने
२.	फोहर मैला व्यवस्थापन	६. फोहरमैला व्यवस्थापन, ऊर्जा उत्पादनका लागि लगानी, वर्गीकरणका लागि स्रोत साधनको व्यवस्था, पुनरुत्पादन र बजारीकरण गर्ने, ७. उपयुक्त स्थान, आवश्यक जनशक्ति व्यवस्थापन र परिचालन गर्ने । ८. सार्वजनिक निजी साझेदारी र सहकार्य गर्ने ।
३.	यातायात प्रणालीको विकास र सहजीकरण	९. अन्तर स्थानीय सरकारको सडक र सवारी साधन, नगर बस, बस

मुसिकोट राजपत्र

		बिसौनीहरू, ट्राफिक प्रणाली, सहरी यातायातका साधनहरू, केबलकार, जीपलाईन, पुल, जल यातायत र सुरक्षित सडक जस्ता क्षेत्रहरूमा समन्वय तथा सहकार्य गर्ने । १०. प्रदूषण नियन्त्रणका लागि साझा नीति, अनलाइन सूचना प्रणाली तथा अनुगमन र नियन्त्रण एकाईको निर्माण गर्ने,
४.	पर्यटन विकासमा सहजीकरण	११. निश्चित क्षेत्र समेटी पर्यटन पूर्वाधारहरूको निर्माण, संस्कृति संरक्षण, पर्यटकीय सेवा सुविधाको व्यवस्था, पर्यटकीय स्थलहरूको विकास, प्रचार प्रसार गर्ने । १२. पर्यटनका वृहत् पूर्वाधारहरूको निर्माणमा आवश्यक पर्ने आर्थिक स्रोतको परिचालन गर्ने र निजी क्षेत्रसँग सहकार्य गर्ने
५.	वातावरण संरक्षण, विपद्को पूर्व तयारी तथा व्यवस्थापन	१३. वातावरणका विभिन्न क्षेत्रहरूको संरक्षण गर्दै जलवायु परिवर्तनका असरहरूको न्यूनीकरणका लागि सहकार्य गर्ने ।

मुसिकोट राजपत्र

		१४. विपद्को पूर्वतयारी र व्यवस्थापनका लागि सहकार्य गर्ने । १५. विपद् व्यवस्थापनका उपकरण तथा औजारहरू.. अत्याधुनिक विपद् सूचना प्रणालीको जडान र अनुगमन स्थल तथा एकाइहरू, कुशल जनशक्तिको उत्पादन तथा परिचालनमा सहकार्य गर्ने ।
६.	सूचना प्रविधि पूर्वाधार विकास र सहजीकरण	१६. सूचना प्रविधिका पूर्वाधारहरू जस्तै उच्च गतिको इन्टरनेट, अप्टिकल फाइबर, भिडियो कन्फ्रेन्सको सुविधा, अनलाइन सूचना तथा सुरक्षा प्रणाली जस्ता प्रविधिमा सामूहिक लगानी र सहकार्य गर्ने ।
७.	आर्थिक विकास र प्रवर्द्धन	१७. स्थानीय औद्योगिक करिडोर स्थापना गर्न सहकार्य गर्ने । १८. औद्योगिक ग्राम स्थापना गर्न सहकार्य गर्ने । १९. विशेष व्यवसायिक क्षेत्र (कृषी क्षेत्र, हार्डवेर जोन, अटोमोबाईल जोन आदि) स्थापना गर्न सहकार्य गर्ने ।

मुसिकोट राजपत्र

		२०. विशिष्टीकृत वस्तु उत्पादन, बजारिकरण र ब्राण्डिङ गर्न सहकार्य गर्ने ।
८.	नीति तथा योजना विकास	२१. एकल अधिकारका विषयहरूमा निर्माण गर्नु पर्ने कानुन, नीति रणनीति निर्माणमा सहकार्य गर्ने । २२. यस क्षेत्रको समष्टिगत विकासको लागि दीर्घकालीन योजना विकास र कार्यान्वयन गर्न सामूहिक लगानी र सहकार्य गर्ने । २३. ठूला पूर्वाधार, भौतिक निर्माणका उपकरण, औजार तथा साधन स्रोतहरूको प्रयोगमा सहकार्य गर्ने ।
९.	परियोजनाको विकास र सहजीकरण	२४. हाल सञ्चालन भैरहेका र भविष्यमा सञ्चालन हुने परियोजनहरुको लागि आवश्यक पर्ने ज्ञान, सीप, प्रविधी र स्रोत परिचालनको लागि केन्द्र र प्रदेश सरकार, विकास साझेदार, निजी क्षेत्र, र आर्थिक संस्थाहरू आदि बिच साझेदारी तथा समन्वय स्थापित गर्न सहकार्य गर्ने । २५. ज्ञान, सीप र प्रविधी आदिबीच

मुसिकोट राजपत्र

		साझेदारी र सहकार्य गर्ने ।
१०.	द्वन्द्व/जोखिमहरू समाधान	२६. सबै प्रकारका जोखिमहरूको पहिचान गरेर निराकरण सुनिश्चित गर्ने । २७. स्थानीय सरकारहरूबीच वा एक आपसमा हुने द्वन्द्व (उदाहरणका लागि प्राकृतिक स्रोत र साधनका उपभोग, राजनीतिक भौगोलिक सिमा) समाधानमा सहजिकरण गर्ने ।
११	खेलकुद एवम् साँस्कृतिक, शैक्षिक क्षेत्रमा संयुक्त गतिविधी	२८. आलोपालो गरी मैत्रीपूर्ण वा प्रतियोगितात्मक चिभिन्न खेल प्रतियोगिता आयोजना गर्ने । २९. विशिष्ट साहित्यिक, साँस्कृतिक, शैक्षिक अनुभव र प्रतिभा प्रस्तुतिको अनुभव आदानप्रदानको व्यवस्था गर्ने ।
१२	प्रगति अनुगमन	३०. सामूहिक लगानी र सहकार्यमा हुने योजना र प्रगतिको अनुगमन गर्ने ।

मुसिकोट राजपत्र

माथि उल्लेखित कुराहरु बाहेक अन्तर स्थानीय सरकार समन्वय समितिले निम्नानुसारका कामहरू पनि गरिनेछ ।

(क) समितिको वार्षिक कार्ययोजना बनाउने;

(ख) समितिको अघिल्लो बैठकबाट पारित निर्णयहरूबारे के कति कार्यान्वयन तथा प्रगति भएका छन् भनी समीक्षा गर्ने र त्यसको अभिलेख राखे ;

(ग) माथि उल्लेखित कार्यहरु द्विपक्षीय वा सो भन्दा बढी स्थानीय सरकार बिच पनि गर्न सकिनेछ ।

५. समिति

(क) अन्तर स्थानीय सरकार समन्वयका लागि देहाय बमोजिमको एक समन्वय समिति रहनेछ र उक्त समन्वय समितिको बैठकको अध्यक्षता बैठक आयोजना गर्ने स्थानीय सरकारको प्रमुख वा अध्यक्षले गर्ने छन्ः

१. गल्कोट नगरपालिका बागलुङ, नगर प्रमुख र नगर उप–प्रमुख सदस्य

२. ढोरपाटन नगरपालिका बागलुङ, नगर प्रमुख र नगर उप–प्रमुख सदस्य

३. मुसीकोट नगरपालिका गुल्मी, नगर प्रमुख र नगर उप–प्रमुख सदस्य

४. बडिगाड गाउँपालिका बागलुङ अध्यक्ष र उपाध्यक्ष सदस्य

५. निसीखोला गाउँपालिका बागलुङ, अध्यक्ष र उपाध्यक्ष सदस्य

६. तमानखोला गाउँपालिका बागलुङ, अध्यक्ष र उपाध्यक्ष सदस्य

मुसिकोट राजपत्र

७. ताराखोला गाउँपालिका बागलुङ, अध्यक्ष र उपाध्यक्ष सदस्य

८. बैठक आयोजना गर्ने स्थानीय सरकारको प्रमुख प्रशासकीय अधिकृत सचिव

(ख) बैठकमा स्थानीय सरकारका प्रमुख प्रशासकीय अधिकृतहरुलाई आमन्त्रण गरिने छ ।

६. अध्यक्षको भूमिका

अध्यक्षको प्रमुख उत्तरदायित्व निम्न बमोजिम हुनेछः

(क) बैठकको मिति/कार्यसूची निर्धारण गर्ने र सदस्यहरूलाई सूचित गर्ने;

(ख) बैठकको कार्यसूची अनुसार बैठक चलाउने;

(ग) विषय अनुसार विशेष दक्षता भएका व्यक्तित्वको आवश्यकता भएमा बैठकमा आमन्त्रण गर्ने;

(घ) असल तथा उदाहरणीय अभ्यास तथा सहकार्यको आधारमा सरकारी संरचना भित्र एवं अन्य सरोकारवालाहरुबीच सूचना आदानप्रदान गर्ने;

(ङ) बैठकको निर्णय पुस्तिकालाई अन्तिम रूप दिएर प्रमाणित गर्ने;

७. सचिवको भूमिका

अध्यक्षको निर्देशन र समन्वयमा सचिवले सम्बन्धित विषयवस्तुमा हुने संञ्चार कार्यहरूको सहजीकरण गर्नेछन् । सचिवको निम्नानुसारका प्रमुख भूमिका हुनेछः

(क) बैठकको कार्यसूची तयार पार्ने;

(ख) सबै लिखित सामग्री र आवश्यक जानकारी सहित सदस्यहरूलाई बैठक बारे पूर्व सूचना दिने;

(ग) बैठकका निर्णयहरूको अभिलेख तयार पार्ने;

मुसिकोट राजपत्र

(घ) बैठक सकिएको सात दिनभित्र निर्णयहरूको जानकारी सम्बन्धित सबैलाई दिने;

८. सदस्यहरूको भूमिका

सदस्यहरू निम्नबमोजिमको विषयहरूमा सुसूचित र प्रतिबद्ध हुनु पर्नेछः

(क) योजना तथा लगानीसँग सम्बन्धित सबै खालका चुनौती, अवसर, अख्तियार गर्नु पर्ने रणनीति तथा नयाँ सम्भावना बारे बहस गर्ने;

(ख) आ–आफ्नो विज्ञता तथा अनुभवका आधारमा सशक्त प्रतिनिधित्व गर्दै पृष्ठपोषण गर्ने;

(ग) समितिका अरू सदस्यसँग जानकारी आदानप्रदान गर्ने :

(घ) बैठकमा उपस्थित हुनु अगावै सुसूचित हुनुका साथै पूर्ण तयारीको अवस्थामा रहने;

(ङ) समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्ने प्रतिबद्ध हुन :

(च) समितिले दिएका कार्यहरु सम्पन्न गर्ने;

९. बैठकको आयोजना

(क) समितिको बैठकको स्थान निधार्रण नेपाली वर्णानुक्रम अनुसार क्रमैसँग गल्कोट, ढोरपाटन, तमानखोला, ताराखोला,निसीखोला, बडिगाड र मुसिकोट नगरपालिका वा गाउँपालिकामा गरिनेछ वा समितिले निर्णय गरे अनुसार हुनेछ ।

(ख) समितिको बैठक कम्तीमा वर्षको चार पटक त्रैमासिक हिसाबले बस्नेछ । विशेष बैठक बोलाउनु परेमा आवश्यकता अनुसार अध्यक्षले वा समितिका सदस्यहरूको अनुरोधमा बोलाउन सकिने छ ।

बैठकको गणपुरक संख्या सदस्यहरूको ५१ % वा सो भन्दा बढी उपस्थित भएमा हुनेछ ।

(ग) निर्णयहरू सर्वसम्मतिबाट हुनेछ ।

(घ) समन्वय र सञ्चारको लागि प्रत्येक स्थानीय सरकारले एक जना सम्पर्क व्यक्ति तोक्नेछ ।

१०. बैठक सञ्चालन बारे

बैठक सञ्चालनको संक्षिप्त मार्गनिर्देशन निम्नानुसार रहेको छ।

(क) निश्चित कार्यसूची सहित बैठक समयमा सुरु गर्नु पर्ने;

(ख) कार्यसूचीलाई दृढतापूर्वक पालना गर्नुपर्ने; विशेष कारण नभई बैठकको छलफल कार्यसूची देखि बाहिरका विषयमा प्रवेश गराउन नपाइने;

(ग) कार्यसूचीको प्रत्येक विषयमा हरेक सदस्यले आफ्नो धारणा स्पष्टसँग राखे;

(घ) सदस्यहरूलाई विषयवस्तुमा केन्द्रित रहेर सकारात्मक आलोचना गर्न उत्साहित गर्नुपर्ने;

(ङ) कार्यसूचीको हरेक बुँदामा सबै सदस्यको मतैक्यता जुटाउन कोशिस गर्ने;

(च) सबै सदस्यहरूप्रति समान व्यवहार गर्ने;

(छ) बैठक समयमै समापन गर्ने;

(ज) प्रत्येक बैठकमा उपस्थिति र निर्णयको अभिलेख राखे;

११. बैठक सञ्चालन प्रकृया र निर्णय

प्रभावकारी रूपमा सफलतापूर्वक बैठक सञ्चालन गर्न निम्नानुसारको व्यवस्था गरिनेछ ।

(क) बैठकको कार्यसूची अध्यक्षको सहमति ब्रिएर सचिवले तयार गर्ने । सहभागिताका लागि आगामी बैठकको कार्यसूची र प्रस्ताबहरु कम्तीमा ७ दिन अगाडि समितिका सदस्यहरूलाई पठाउने;

(ख) अघिल्लो बैठकको कार्यसूची तथा कुनै अपूरो कार्य भएमा त्यसको पुनरावलोकन गर्ने;

(ग) आवश्यकता अनुसार समितिका सदस्यको सयोजकत्वमा समिति बाहिरका विशेषज्ञ सम्मिलित उप–समितिहरू गठन गर्ने;

(घ) आवश्यकता तथा औचित्यका आधारमा उप–समितिलाई समय सीमा सहित जिम्मेवारी तोक्ने:

१२. बजेट तथा पारदर्शिता

(क) समन्वय समितिको बैठकको लागि आवश्यक बजेटको व्यवस्था बैठक आयोजना गर्ने स्थानीय सरकारको दायित्व भित्र पर्नेछ । यस बाहेक अन्य खर्चहरु जस्तै अनुगमन तथा भ्रमण, समितिका सदस्यहरूको क्षमता अभिवृद्धि आदि खर्चहरू सम्बन्धित स्थानीय सरकारले गर्ने छन ।

(ख) संयुक्त रुपमा सञ्चालन गरिने आयोजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने रकम स्थानीय सरकारले व्यवस्थापन गर्नु पर्नेछ ।

(ग) संयुक्त रुपमा सञ्चालन हुने आयोजनाको बजेट खर्च गर्दा आयोजना स्थानको स्थानीय सरकारको सञ्चित कोषमा आयोजनाको कार्य प्रगतिका आधारमा साझेदार स्थानीय सरकारबाट निकाशा गरी खर्च गर्न सकिनेछ ।

१३. बाधा, अड्काउ र फुकाउ

यस सञ्चालन निर्देशिकामा कुनै समस्या भएमा समन्वय समितिले निर्णय गरी बाधा अड्काउ फुकाउ गर्न सक्नेछ ।

१४. संशोधन र परिमार्जन

यस सञ्चालन निर्देशिकाको क्रियाकलाप कार्यान्वयन गर्दा कुनै दुविधा वा समस्यां उत्पन्न भएमा आवश्यकता अनुसार समन्वय समितिले यस निर्देशिकाको कुनै पनि दफा संशोधन वा परिमार्जन गर्न सक्नेछ ।

१५. बचाउ र लागू नहने

(क) यस सञ्चालन निर्देशिकामा लेखिए जति कुरा सोही बमोजिम र नलेखिएको कुरामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम हुनेछ ।

(ख) नेपालको संविधान र प्रचलित कानुनसँग बाझिएका यस सञ्चालन निर्देशिकाका कुनै दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्कृय र अमान्य हुनेछन ।

(ग) यसमा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन् ।

(घ) यस सञ्चालन निर्देशिका जारी हुनुभन्दा अगाडि भए गरेका कामकार्वाही र निर्णयहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ ।

प्रमाणिकरण मिति
२०८२।०५।०६

आज्ञाले,
चेतनाथ गिरी
प्रमुख प्रशासकीय अधिकृत

मूल्यरू २०

मुसिकोट राजपत्र